किपू नगरपालिका
# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या : २०८०/८१
च.नं.: ४१५

कीर्तिपुर, काठमाडौं ।
बागमती प्रदेश नेपाल

मिति : २०८०।०३।०६

**विभेदपूर्ण लिंग छनौटको अन्त्य गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा नेपालमा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लैंगिक अनुपातमा असमानता देखा पर्न लागेको र विभेदपूर्ण लिंग छनौटको अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८ मा समेत विभेदपूर्ण लिंग छनौटको अन्त्य गर्ने कार्यनीति तथा कार्ययोजना रहेको तथा मुलुकी अपराध संहिता २०७४ को दफा १८८ को उपदफा ७ र ८ मा एवम् सुरक्षित मातृत्व तथा प्रजनन् अधिकार ऐन, २०७५ को दफा १७ मा समेत गर्भको लिंग पहिचान गर्ने कार्यलाई कानूनतः दण्डनीय अपराध मानेको हुँदा आफ्नो मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमा त्यस्ता गतिबिधि नहुने वातावरण तयार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट लेखिआएकोले यस नगरपालिका अन्तरगतका सरकारी, गैरसरकारी, निजी, समुदायिक लगायत सबै स्वास्थ्य संस्थाहरुबाट सो कार्य नगर्नु नगराउनुहुन अनुरोध छ। यस सम्बन्धमा नगरपालिकाले नियमित अनुगमन तथा निगरानी गर्ने कुरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

२०८०।०३।०६
..................
(सन्तमान मानन्धर)
स्वास्थ्य शाखा प्रमुख

फोन नं.: ०१-४३३१६९३, ४३३१३८१, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, Email: ict.munkirtipur@gmail.com
info@kirtipurmun.gov.np, website: kirtipurmun.gov.np